# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण २३ गते २०२६ साल

श्री ५ को सरकार

### जल तथा विद्युत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सानु जल विद्युत योजना धनकुटाको भवन निर्माण गर्नको लागि कोशी अञ्चल धनकुटा जिल्ला भीर गाउँ पञ्चायत वार्ड नं. ७ अन्तरगत पर्ने निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व धनशेर राईको जग्गा, पश्चिम सानु जल विद्युत योजना, उत्तर भीर, दक्षिण वन्चरेखोला यति चार ४ किल्लाभित्रको १९९७ सालको जाँच अनुसार रू. ६।५० (छ रूपैयाँ पचास पैसा) तिरो लागेको किपट जग्गा रोपनी ३ (तीन) को कित्ता एक – – –१

आज्ञाले–
कृष्णराज भण्डारी
श्री ५ को सरकारको सचिव



273

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।